# प्रेस विज्ञप्ति

छैठौं ओशियानिय नेपाली खेलकुद महोत्सव २०२५ – पर्थ, पश्चिम अष्ट्रेलिया

मिति: १८–२० अप्रिल २०२५ | स्थान: पर्थ, पश्चिम अष्ट्रेलिया

आदरणीय अतिथिज्यूहरू, ONSM संरक्षकहरू, विभिन्न संघ-संस्थाका प्रतिनिधीहरु, सञ्चारकर्मीहरू, प्रायोजकहरू, शुभेच्छुकहरू, खेलाडीहरू, स्वयंसेवकहरू तथा सम्पूर्ण महिला तथा पुरुष महानुभावहरू,

सर्व प्रथम नेपाली नयाँ वर्ष २०८२ सालको हार्दिक मंगलमय शुभकामना!

ओशियानिय नेपाली खेलकुद महोत्सव (ONSM) को छैठौं संस्करणको औपचारिक घोषणा गर्न पाउँदा अत्यन्त गर्ववान्वित महसुस गरेको छु। प्रत्येक दुई- दुई वर्षमा आयोजना गरिने यो खेलकुद महोत्सव यसपटक आउँदो शुक्रबार अप्रिल १८ देखि आइतबार अप्रिल २० सम्म पर्थ, पश्चिम अष्ट्रेलियामा सम्पन्न हुनेछ।

"*एकता, प्रतिस्पर्धा र उत्सव*" भन्ने प्रेरणादायी नारासहित, यस महोत्सवले ओशियानिय क्षेत्रभरिका नेपाली समुदायहरूलाई खेलकुदको माध्यमबाट एकतामा बाँध्दै आएको गौरवपूर्ण परम्परालाई निरन्तरता दिने उद्देश्य राखेको छ।

संक्षिप्त इतिहास
सन् २०१३ मा Nepalese Interstate Sports Meet (NISM) को रूपमा सुरु गरिएको यो कार्यक्रम सन् २०१८ देखि Oceania Nepali Sports Meet (ONSM) नामबाट फराकिलो क्षेत्रीय पहुँचसहित पुनःनामकरण गरिएको थियो।

अघिल्ला संस्करणहरू**:**

- पहिलो NISM २०१३: सिड्नी
- दोस्रो NISM २०१४: मेल्बर्न
- तेस्रो NISM २०१६: ब्रिस्बेन
- चौथो ONSM २०१८: सिड्नी
- पाँचौं ONSM २०२३: क्यानबेरा

छैठौं **ONSM** २०२५ – पर्थ
हामीलाई गर्व लाग्छ, कि २०१६ देखिको लगातर सहभागिता पश्चात पश्चिम अष्ट्रेलियाको पर्थमा हामीले यस खेलकुदको आयोजना गर्ने अवसर पायौं। यसले हाम्रो पश्चिम अष्ट्रेलियाका नेपाली समुदायमा खेलकुद प्रति रहेको लगाव, माया र खेलकुदको माध्यमबाट शारिरिक र मानसिक स्वास्थ्यका अलवा समाजिक सद्भाभलाई प्रवर्द्धन गर्नेछ भन्ने कुरामा विश्वस्त छु।

यस छैठौं संस्करणमा ४०० भन्दा बढी खेलाडीहरूको निम्न १० खेलहरू सहभागिता रहनेछन्:

- ब्याडमिन्टन - ४५
- बास्केटबल - २० (२ टीम)

- क्रिकेट - १३५ (९ टीम)
- गल्फ - ४
- फुटबल – ३१ (२ टीम)
- पौडी - १८
- टेबल टेनिस - ३५
- टेनिस - २९
- भलिबल - ६० (६ टीम)
- ५ किलोमिटर दौड - २४

सहभागी राज्य / देश र सहभागिता रहने खेल बिधाहरू

- ACT – ५ खेल
- NSW – ७ खेल
- VIC – ५ खेल
- QLD – ५ खेल
- TAS – ४ खेल
- SA – २ खेल
- WA – १० खेल
- NT – ५ खेल
- न्यूजिल्याण्ड – १ खेल

यस छैठौं खेलकुद महोत्सवको अनुमानित बजेट अष्ट्रेलियन डलर १,४०,००० भन्दा बढी रहनेछ, जसमा खेल सामग्री, स्थान व्यवस्थापन, पुरस्कार, तथा सहभागिताको समन्वय लगायत सम्पूर्ण सञ्चालन खर्च समेटिनेछ।

यस कार्यक्रमलाई आवश्यक पर्ने अर्थ संकलन विभिन्न स्रोतहरूबाट सुनिश्चित गरिएको छ – जसमा खेलाडी दर्ता शुल्क, व्यक्तिगत सहयोग, नेपाली समुदायमा रहेका व्यवसाय र संघ-संस्थाहरूबाट प्राप्त प्रायोजन, साथै स्थानीय तथा राज्य सरकारका विभागहरूबाट प्राप्त सहयोगहरू प्रमुख रहेका छन्।

यस्ता बहु-आयामिक सहयोगहरूले नेपाली समुदायको ऐक्यबद्धता, सहकार्य, र खेलकुद तथा सांस्कृतिक प्रवर्द्धनप्रतिको प्रतिबद्धतालाई उजागर गर्दछ।

संस्थागत सहयोग

- नेपाली एशोसिएसन अफ डब्लु. ए. (NAWA) Inc.
- पशुपतिनाथ-बौद्धनाथ अफ पश्चिम अष्ट्रेलिया (PBWA Inc.)
- गैर-आवासीय नेपाली संघ अष्ट्रेलिया (NRNA Australia)
- फेडेरेसन अफ नेपाली कम्युनिटी एसोसिएसन्स अफ अष्ट्रेलिया (FeNCAA)
- नेपाली स्पोर्ट्स एशोसिएसन अफ भिक्टोरिया (NSAV) Inc.
- एडिलेड नेपाली क्रिकेट एशोसिएसन (ANCA) Inc.
- नेपाली रिक्रिएशनल क्लब (NRC) Inc.
- नेपाली क्रिकेट एशोसिएसन अफ पश्चिम अष्ट्रेलिया (NCAWA) Inc.
- नेपाली भलिबल एशोसिएसन अफ पश्चिम अष्ट्रेलिया (NVAWA) Inc.
- गुरुङ समाज अफ डब्लु. ए. (GSWA) Inc.
- गोर्खा ब्वाइज फुटबल क्लब
- शेर्पा किदूग पश्चिम अष्ट्रेलिया

स्थानीय तथा राज्य सरकारको सहयोग

- रोड सेफ्टी विभाग, पश्चिम अष्ट्रेलिया
- सिटी अफ बेल्मोन्ट
- डिपार्टमेन्ट अफ लोकेल गभर्मेन्ट, स्पोर्ट्स एन्ड कल्चारल इन्डस्ट्रीज, पश्चिम अष्ट्रेलिया

हामी, सम्पूर्ण सहभागीहरू, प्रायोजकहरू, स्वयंसेवकहरू र शुभेच्छुकहरूलाई छैठौं ओशियानिय नेपाली खेलकुद महोत्सव २०२५ मा हार्दिक स्वागत र आमन्त्रण गर्दछौं।

हामी विश्वस्त छौं, कि यस छैठौं ओशियानिय नेपाली खेलकुद महोत्सव -२०२५ ले ओशियाना क्षेत्रमा रहेका नेपाली समुदायहरु बीच पारस्परिक सम्बन्धलाई प्रगाढ गर्न, स्वस्थ जीवनशैली प्रवर्द्धन गर्न र विश्वव्यापी नेपाली समुदायमा एकताको भावना बढाउन अत्यन्त महत्वपूर्ण भूमिका खेल्नेछ ।

धन्यबाद !

आङ दावा जाङबु शेर्पा

प्रेसिडेन्ट-ओशियानिय नेपाली स्पोर्ट्स मीट २०२४-२५

मोबा इल*:* ०४०७ ०८० ६२५

Email: wa@onsm.org.au Web: www.onsm.org.au